# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, भदौ २२ गते, २०७४ साल (अतिरिक्ताङ्क १७

## भाग ३

### निर्वाचन आयोगको सूचना

**सूचना–१**

निर्वाचन आयोगले संवत् २०७४ साल मङ्सिर १० र २१ गते हुने पहिलो चरण र दोस्रो चरणको प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनको लागि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ अनुसार समानुपातिक निर्वाचन प्रणाली तर्फ देहाय बमोजिमको निर्वाचन कार्यक्रम निर्धारण गरेकोले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ को उपदफा (४) र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ को उपदफा (४) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र.सं. | कार्यक्रम | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | |
| १. | समानुपातिक निर्वाचन प्रणाली तर्फ भाग लिन चाहने राजनीतिक दलहरुले निवेदन पेश गर्ने सम्बन्धमा सूचना प्रकाशित गर्ने | २०७४।५।२४ | | | | निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं |
| २. | समानुपातिक निर्वाचन प्रणाली तर्फ भाग लिन चाहने राजनीतिक दलहरुले निवेदन पेश गर्ने | २०७४।५।२५ | २०७४।५।२७ | १०.०० | १७.०० | |
| ३. | समानुपातिक निर्वाचन प्रणाली तर्फ भाग लिन निवेदन पेश गरेका राजनीतिक दलहरुको नामावली प्रकाशन गर्ने | २०७४।५।२८ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ४. | प्रकाशित सूचीमा नाम रहेका राजनीतिक दलहरुले आफ्नो नाम फिर्ता लिन चाहेमा फिर्ता लिने | २०७४।५।२९ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ५. | समानुपातिक निर्वाचनमा भाग लिने राजनीतिक दलहरूको अन्तिम नामावली प्रकाशन गर्ने र निर्वाचन चिन्ह प्रदान गर्ने | २०७४।६।८ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ६. | राजनीतिक दलहरुले उम्मेदवारको बन्दसूची पेश गर्ने | २०७४।६।९ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| ७. | उम्मेदवारको बन्दसूची सच्याउन राजनीतिक दलहरुलाई सूचित गर्ने | २०७४।६।१९ | २०७४।६।२५ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ८. | राजनीतिक दलहरुले उम्मेदवारको बन्दसूची संशोधन गरी पेश गर्ने | २०७४।६।२६ | २०७४।७।१ | १०.०० | १७.०० | ऐ. ऐ. |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९. | उम्मेदवारको बन्दसूची सार्वजनिक गर्ने | २०७४।७।६ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| १०. | उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको उम्मेदवारको योग्यता सम्बन्धमा दावी विरोध गर्न निवेदन दिने | २०७४।७।७ | २०७४।७।१३ | १०.०० | १७.०० | ऐ. ऐ. |
| ११. | उम्मेदवारको बन्दसूचीमा समावेश उम्मेदवारको योग्यता सम्बन्धी दावी विरोधको निवेदन उपर जाँचबुझ र निर्णय गर्ने | २०७४।७।१४ | २०७४।७।२० | १०.०० | १७.०० | ऐ. ऐ. |
| १२. | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम हटेको सूचना प्रकाशन गर्ने | २०७४।७।२३ | | १०.०० | १२.०० | ऐ. ऐ. |
| १३. | उम्मेदवारको बन्दसूचीमा सूचीकृत कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको बन्दसूचीबाट फिर्ता लिन चाहेमा निवेदन दिने | २०७४।७।२४ | | १२.०० | १७.०० | ऐ. ऐ. |
| १४. | उम्मेदवारको बन्दसूचीबाट उम्मेदवारको नाम फिर्ता लिएको जानकारी सम्बन्धित राजनीतिक दललाई दिने | २०७४।७।२५ | | १०.०० | १७.०० | ऐ. ऐ. |
| १५. | उम्मेदवारको बन्दसूची अन्तिम रुपमा प्रकाशन गर्ने | २०७४।७।२६ | | १०.०० | १२.०० | ऐ. ऐ. |
| १६. | मतदान गर्ने | २०७४।८।१० र २०७४।८।२१ | | ७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

द्रष्टव्य :

१. समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा भाग लिन निवेदन पेश गर्ने राजनीतिक दलहरुले उम्मेदवारहरुको बन्दसूची अनिवार्य रुपमा तोकिएको मिति भित्र पेश गर्नु पर्नेछ ।

२. प्रत्येक निर्वाचन क्षेत्रका सबै मतदानकेन्द्रको मतदान भएको सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरेपछि र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फको मतगणना सम्पन्न भएपछि मात्र निर्वाचन अधिकृतले समानुपातिक निर्वाचन प्रणाली तर्फको मतगणना कार्य सुरु गर्नेछ ।

३. प्रतिनिधि सभाको हकमा देशभरका सबै निर्वाचन अधिकृतबाट भएको मतगणनाबाट राजनीतिक दलले प्राप्त गरेको कुल सदर मत सङ्ख्याको विवरण प्राप्त गरेपछि समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचन अधिकृतले मुलुकभरका सबै निर्वाचन अधिकृतहरुबाट प्राप्त विवरण एकीकृत गरी प्रत्येक राजनीतिक दलले प्राप्त गरेको कुल सदर मत सङ्ख्याको अनुपातमा सो राजनैतिक दलले निर्वाचन आयोग समक्ष पेश गरेको उम्मेदवारको बन्दसूचीमा सूचीकृत उम्मेदवारहरु मध्ये प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० बमोजिम निर्वाचन आयोगले उम्मेदवारहरु निर्वाचित भएको घोषणा गर्नेछ । यसैगरी प्रदेश सभा सदस्य निर्वाचनको हकमा सम्बन्धित प्रदेश अन्तर्गत रहेका निर्वाचन अधिकृतबाट मतगणनाको कार्य सम्पन्न भएपछि सो को विवरण निर्वाचन आयोगमा प्राप्त गरी सो विवरणका आधारमा सम्बन्धित प्रदेशको समानुपातिक निर्वाचन प्रणाली तर्फका निर्वाचन अधिकृतले प्राप्त विवरण एकीकृत गरी राजनीतिक दलले आयोग समक्ष पेश गरेको उम्मेदवारको बन्दसूचीमा सूचीकृत उम्मेदवारहरु मध्ये प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० बमोजिम निर्वाचन आयोगले उम्मेदवारहरु निर्वाचित भएको घोषणा गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना-२

निर्वाचन आयोगले संवत् २०७४ साल मङ्सिर १० गते पहिलो चरणमा हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनको लागि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ अनुसार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ देहाय बमोजिमको निर्वाचन कार्यक्रम निर्धारण गरेकोले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४को दफा ७ को उपदफा (४) र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ को उपदफा (४) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ :-

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ पहिलो चरणमा सम्पन्न हुने निर्वाचनको निर्वाचन कार्यक्रम**

| क्र.सं | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १. | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७४।७।५ | २०७४।७।५ | १०.०० | १७.०० | मुख्य/निर्वाचन अधिकृतको कार्यालय | |
| २. | उम्मेदवारको मनोनयनपत्र दर्ता भएको सूची प्रकाशन गर्ने | २०७४।७।५ | २०७४।७।५ | १७.०० | १८.०० | ऐ. ऐ. | |
| ३. | उम्मेदवारको बिरोधमा उजुरी दिने | २०७४।७।६ | २०७४।७।६ | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ४. | मनोनयनपत्र र उजूरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७४।७।७ | २०७४।७।७ | १०.०० | १५.०० | ऐ. ऐ. | |
| ५. | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७४।७।७ | २०७४।७।७ | १५.०० | १७.०० | ऐ. ऐ. | |
| ६. | उम्मेदवारको नाम फिर्ता लिने | २०७४।७।८ | २०७४।७।८ | १०.०० | १३.०० | ऐ. ऐ. | |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७४।७।८ | २०७४।७।८ | १३.०० | १५.०० | ऐ. ऐ. | |
| ८. | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०७४।७।८ | २०७४।७।८ | १५.०० | १८.०० | ऐ. ऐ. | |
| ९. | मतदान गर्ने | २०७४।८।१० | २०७४।८।१० | ७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र | |

<u>द्रष्टव्य</u> :

१. प्रत्येक निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरेपछि निर्वाचन अधिकृतले मतगणना कार्य सुरु गर्नेछ ।

२. मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना-३

निर्वाचन आयोगले संवत् २०७४ साल मङसिर २१ गते हुने दोस्रो चरणमा हुने प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन प्रयोजनको लागि प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ अनुसार पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ देहाय बमोजिमको निर्वाचन कार्यक्रम निर्धारण गरेकोले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ को उपदफा (४) र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७ को उपदफा (४) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत दोस्रो चरणमा सम्पन्न हुने निर्वाचनको निर्वाचन कार्यक्रम

| क्र. सं | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १. | उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने | २०७४।७।१६ | २०७४।७।१६ | १०.०० | १७.०० | मुख्य/निर्वाचन अधिकृतको कार्यालय | |
| २. | उम्मेदवारको मनोनयनपत्र दर्ता भएको सूची प्रकाशन गर्ने | २०७४।७।१६ | २०७४।७।१६ | १७.०० | १८.०० | ऐ. ऐ. | |
| ३. | उम्मेदवारको बिरोधमा उजूरी दिने | २०७४।७।१७ | २०७४।७।१७ | १०.०० | १७.०० | ऐ. ऐ. | |
| ४. | मनोनयनयनपत्र र उजूरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७४।७।१८ | २०७४।७।१८ | १०.०० | १५.०० | ऐ. ऐ. | |
| ५. | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७४।७।१८ | २०७४।७।१८ | १५.०० | १७.०० | ऐ. ऐ. | |
| ६. | उम्मेदवारको नाम फिर्ता लिने | २०७४।७।१९ | २०७४।७।१९ | १०.०० | १३.०० | ऐ. ऐ. | |
| ७. | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७४।७।१९ | २०७४।७।१९ | १३.०० | १५.०० | ऐ. ऐ. | |
| ८. | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०७४।७।१९ | २०७४।७।१९ | १५.०० | १८.०० | ऐ. ऐ. | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९. | मतदान गर्ने | २०७४।८।२१ | २०७४।८।२१ | ७.०० | १७.०० | सम्बन्धित मतदान केन्द्र | |

द्रष्टव्य :

१. प्रत्येक निर्वाचन क्षेत्रका सबै मतदान केन्द्रमा मतदान भएका सबै मतपेटिका मतदान अधिकृतबाट प्राप्त गरेपछि निर्वाचन अधिकृतले मतगणना कार्य सुरु गर्नेछ ।

२. मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गरिनेछ ।

आज्ञाले,
**वेगेन्द्रराज शर्मा पौड्याल**
**सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।-
गो.हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।